# नर्वे आउनु

# Å komme til Noreg

Aamiina
Julie Cornelia van Walsum
Anup Aryal
5
नेपाली ne / nynorsk nn

म र मेरा दुई भाइ सन् २०१६ को डिसेम्बरमा नर्वे आएका थियौं। हामीले गर्मीका लुगा लगाएका थियौँ किनकि हामीले नर्वेमा पनि सोमालियामा जस्तै गर्मी हुन्छ भन्ने सोचेका थियौं। तर हवाई अड्डा पुग्दा हिउँ परिरहेको थियो। मौसम चिसो थियो र हामीलाई जाडो भयो। हामीले केही सुटकेसहरू ल्याएका थियौँ तर तिनमा केवल गर्मीका लुगा मात्र थिए।

• • •

Dei to brørne mine og eg kom til Noreg i desember 2016. Vi hadde på oss sommarklede fordi vi trudde det ville vere like varmt i Noreg som i Somalia. Men då vi kom til flyplassen, snødde det. Vi fraus og vêret var kaldt. Sjølv om vi hadde med oss nokre koffertar, inneheldt dei berre sommarklede.

चिसो भएतापनि नर्वे आउँदा म निकै खुसी थिएँ। म अन्ततः मेरी आमालाई फेरि भेट्दै थिएँ, जसलाई मैले ६ वर्षदेखि देखेको थिइन। मेरी आमा र उहाँका दुई साथीहरूले हामीलाई भेट्नुभयो। उहाँलाई देखेर हामी खुसीले रोयौँ। हामी आमा बस्ने सानो सहरतिर लाग्यौँ।

• • •

Sjølv om det var kaldt, var eg veldig glad då vi kom til Noreg. Eg kunne endeleg møte mamma att, som eg ikkje hadde sett på seks år. Mamma og to av venninnene hennar møtte oss. Då vi møtte mamma att, gret vi av glede. Mamma bur i ein liten by, så vi køyrde dit.

आमा बस्ने सहरमा सुरुका दिनहरू धेरै अनौठा थिए। एकातिर चिसो र हिउँ थियो भने अर्कोतिर हेर्न र घुम्न लायक खासै केही थिएन। सडकहरू पूरै खाली थिए। मैले भेटेका थोरै मानिसहरू आफ्नै सुरका र कसैको वास्ता नगर्ने खालका देखिन्थे। सोमालियामा जताततै मानिसहरू थिए, त्यसैले यहाँ सबै कुरा अपरिचित जस्तो महसुस भयो। मेरी आमा र उहाँका साथीहरूले हामीलाई केही उपहार दिनुभयो र त्यसपछि उहाँले हामीलाई जाडोका लुगाहरू किन्न लैजानुभयो।

• • •

Dei første dagane i byen til mamma var veldig merkelege. Det var kaldt, det snødde og det var lite å sjå. Gatene var heilt folketomme. Dei få personane eg møtte, verka kalde og uvennlege. I Somalia er det folk overalt, så alt kjendest uvant her. Mammaa mi og venninnene hennar gav oss gåver, og ho tok oss med for å kjøpe vinterklede.

क्रिसमसको बिदा पछि म वयस्क शिक्षा केन्द्रमा नर्वेली पाठ्यक्रममा सामेल भएँ। मैले त्यहाँ सामान्य विद्यालयमा अध्ययन सुरु गर्नुअघि दुई वर्षसम्म पढेँ। अहिले म मेरो अध्ययनको अन्तिम वर्षमा छु, र मैले धेरै नयाँ साथीहरू बनाएकी छु। म धेरै मिलनसार छु र अरू मानिसहरूलाई भेट्दा रमाइलो मान्छु।

• • •

Etter juleferien byrja eg på norskkurs på vaksenopplæringssenteret. Eg gjekk der i to år før eg byrja på ein vanleg skule. No går eg siste året, og eg har fått mange nye venner. Eg er veldig sosial og eg er glad i å møte andre.

विद्यालय सकेपछि म स्वयंसेवकहरूद्वारा सञ्चालित केन्द्रमा जान्छु जहाँ मैले मेरो गृहकार्यमा मद्दत पाउँछु। म त्यही केन्द्रमा सिलाई पनि सिक्दै छु।

• • •

Etter skulen drar eg til Frivilligsentralen for å få hjelp med leksene. Eg har òg byrja på eit sykurs der.

सोमालियामा म कुरान पाठशाला बाहेक कहिल्यै विद्यालय गएकी थिइन वा कुनै पाठ्यक्रममा सामेल भएकी थिइन। मलाई पढ्न र लेख्न आउँदैन थियो। अहिले मैले सोमाली र नर्वेजियन भाषामा लेख्न सिकेकी छु र अन्य धेरै विषयहरू पनि जानेकी छु। शिक्षाबिना म कोही नभएको महसुस गर्थें। अहिले म ज्ञानी र खुसी महसुस गर्छु।

• • •

I Somalia fekk eg aldri moglegheit til å gå på skule eller ta eit kurs, bortsett frå koranskule. Eg kunne ikkje lese eller skrive. No har eg lært å skrive på både somali og norsk, og mange andre fag. Utan utdanning følte eg at eg ikkje var nokon. No føler eg meg kunnskapsrik og glad.

म अर्को वर्ष स्वास्थ्य तथा युवा विकासको क्षेत्रमा माध्यमिक शिक्षा सुरु गर्दै छु। भविष्यमा म युवा कार्यकर्ता बन्न चाहन्छु। पढाइ सकेपछि स्थायी जागिर पाउने मेरो सपना छ। मलाई गाडी चलाउन सिक्ने र चालक अनुमति पत्र प्राप्त गर्ने पनि चाहना छ।

• • •

Neste år skal eg byrje på helse- og oppvekstfag på vidaregåande skule. I framtida vil eg bli barne- og ungdomsarbeidar. Når eg er ferdig med utdanninga mi, drøymer eg om å få meg ein fast jobb. Eg vil òg lære å køyre bil og ta førarkort.

यदि म सोमालियामै बसेकी भए मलाई लाग्छ कि म अहिले सम्म आमा भइसकेकी हुने थिएँ। सायद मेरा धेरै बच्चाहरू पनि हुने थिए। यदि म सोमालियामै भएकी भए, मैले अहिले जस्तो अवसर पाउने थिइनँ। नर्वेमा बस्न पाउँदा म भाग्यमानी महसुस गर्छु।

• • •

Viss eg framleis hadde budd i Somalia, hadde eg kanskje vore mor no. Kanskje eg hadde fått mange barn allereie. Viss eg hadde vore i Somalia, ville eg ikkje hatt dei same moglegheitene som eg har fått no. Eg føler meg heldig som bur i Noreg.

# LIDA Stories

lidastories.net

## नर्वे आउनु

## Å komme til Noreg

Aamiina
Julie Cornelia van Walsum
Anup Aryal (ne), Espen Stranger-Johannessen (nn)